प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल

## नोभल कोरोना भाइरस (कोभिड-१९) सम्बन्धि दैनिक प्रतिवेदन

मितिः २०७७/०८/१०


(बेलुका ५:०० बजे)


### ❖ बागमती प्रदेशमा संक्रमणको अवस्थाः

- हालसम्मको तथ्यांकमा यस प्रदेशमा देशको कुल संक्रमणको करिब पचपन्न प्रतिशत (५४.८५%) रहेको छ भने मृत्युको अनुपात यस प्रदेशमा तुलनात्मक रुपमा कम रहेको छ र मृत्यु हुनेमा बढ्दो उमेर र अन्य जिर्ण रोगहरुको सहरुग्णता देखिएको छ ।
- यस प्रदेशमा पछिल्ला दिनमा संक्रमितको संख्या तीव्र रुपमा बढेको हुनाले हाल उपचाररत बिरामीको संख्या कुल नेपालको भन्दा तुलनात्मक रुपमा बढी देखिएको हो।

| विवरण | नेपाल | बागमती प्रदेश |
|---|---|---|
| संक्रमण देखिएको (PCR) | २२६०२६(१००%) | १२३९८५(१००%) |
| निको भएको | २०७९९८(९२%) | ११२३०८(९०.५८%) |
| उपचाररत | १६६३९(७.३६%) | १०९९९(८.८७%) |
| मृत्यु भएको | १३८९(०.६१%) | ६७८(०.५५%) |
| श्रोतः | - स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०८/१० | - सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश; स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०८/१० |

### ❖ बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको लिंग र उमेर समुह अनुसारको विवरण यस प्रकार रहेको छः




स्रोतः EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०८/१०

- यस प्रदेशमा पुरुषहरुमा महिलाको तुलनामा बढि संक्रमण देखिएको छ भने २१ देखि ५० वर्ष समुहका व्यक्तिहरुमा कोभिड-१९को संक्रमण बढी देखिएको छ । विगतमा भन्दा अहिले ६० वर्षभन्दा बढी उमेरमा पनि संक्रमण बढदै गएको देखिन्छ ।

## ❖ गत २४ घण्टामा आइ. सी. यु र भेन्टिलेटरमा भएका बिरामीको संख्याः

यस प्रदेशमा गत २४ घन्टामा आइ. सी. यु र भेन्टिलेटरमा उपचाररत बिरामीको संख्या यस प्रकार रहेको छः

| विवरण | काठमाण्डौ उपत्यकाभित्र | काठमाण्डौ उपत्यकाबाहिर | जम्मा |
|---|---|---|---|
| आइ. सी. यु मा उपचाररत बिरामीको संख्या | ८६ | ५० | १३६ |
| भेन्टिलेटरमा उपचाररत बिरामीको संख्या | ३९ | २ | ४१ |

## ❖ गत २४ घण्टामा जिल्लागत निधनको संख्याः

| जिल्ला | मृतकको संख्या र विवरण | |
|---|---|---|
| | संख्या | विवरण |
| काठमाडौं | ३ | ३ पुरुष |
| भक्तपुर | २ | २ पुरुष |
| ललितपुर | २ | १ पुरुष |
| काभ्रेपलान्चोक | ६ | ५ पुरुष र १ महिला |
| जम्मा — १३ | | |

## ❖ गत २४ घण्टामा भएको निधनको विवरणः

- काभ्रेपलान्चोकका ८३ वर्षिय पुरुष कोभिड र निमोनियाको कारणले कार्तिक २७ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा मंशिर ३ गते निधन भएको छ । उहाँको कार्तिक २७गते कोभिड-२९ पुष्टि भएको थियो।(उहाँलाई उच्च रक्त चाप र चिनी रोगको समेत समस्या थियो।)

- काभ्रेपलान्चोकका ७२ वर्षिय पुरुष कोभिड र निमोनियाको कारणले मंशिर १ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा मंगसिर १ गते निधन भएको छ । उहाँको मंशिर १ गते कोभिड-१९ पुष्टि भएको थियो। (उहाँलाई उच्चरक्त चाप र चिनी रोगको समेत समस्या थियो।)

- काभ्रेपलान्चोकका ७० वर्षिय पुरुष कोभिड र निमोनियाको कारणले मंशिर ७ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा मंशिर ८ गते निधन भएको छ । उहाँको मंशिर ८ गते कोभिड-१९ पुष्टि भएको थियो।

- काभ्रेपलान्चोकका ७७ वर्षिय पुरुष कोभिड र निमोनियाको कारणले मंशिर ७ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा मंगसिर ९ गते निधन भएको छ । उहाँको मंशिर ८ गते कोभिड-१९ पुष्टि भएको थियो। (उहाँलाई चिनी रोगको समेत समस्या थियो।)

- काठमाडौंका ९३ वर्षिय पुरुष कोभिड र स्वासप्रस्वासमा समस्याका कारणले मंशिर ७ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा मंगसिर ९ गते निधन भएको छ । उहाँको कार्तिक ६ गते कोभिड-१९ पुष्टि भएको थियो। (उहाँलाई उच्च रक्त चाप र दम रोगको समेत समस्या थियो।)

- ललितपुरका ६१ वर्षिय पुरुष कोभिड, निमोनियाको र स्वासप्रस्वासमा समस्याका कारणले मंशिर ४ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा मंगसिर ९ गते निधन भएको छ । उहाँको मंशिर ५ गते कोभिड-१९ पुष्टि भएको थियो। (उहाँलाई उच्च रक्त चाप समेत समस्या थियो।)

- काठमाडौंका ६० वर्षिय पुरुष कोभिड र स्वासप्रस्वासमा समस्याका कारणले कार्तिक २८ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा मंगसिर ६ गते निधन भएको छ । उहाँको कार्तिक २७ गते कोभिड-१९ पुष्टि भएको थियो।

- भक्तपुरका ६५ वर्षिय पुरुष कोभिड र स्वासप्रस्वासमा समस्याका कारणले कार्तिक २५ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा मंगसिर ८ गते निधन भएको छ । उहाँको मंशिर ७ गते कोभिड-१९ पुष्टि भएको थियो। (उहाँलाई मृगौला रोग समेत समस्या थियो।)

- भक्तपुरका ४३ वर्षिय पुरुष कोभिड र निमोनियाको कारणले कार्तिक १६ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा मंशिर ९ गते निधन भएको छ । उहाँको कार्तिक २२ गते कोभिड-१९ पुष्टि भएको थियो। (उहाँलाई मस्तिष्कको संक्रमण समेत थियो।)

- ललितपुरका ५४ वर्षिय पुरुष कोभिड र निमोनियाको कारणले मंशिर ३ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा मंगसिर १० गते निधन भएको छ । उहाँको मंशिर ४ गते कोभिड-१९ पुष्टि भएको थियो। (उहाँलाई चिनी, थाईरोइड रोग़को समेत समस्या थियो।)

- काभ्रेपलान्चोकका ७५ वर्षिय पुरुष कोभिड, स्वासप्रस्वासमा समस्याका र निमोनियाको कारणले मंशिर ४ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा मंशिर ९ गते निधन भएको छ । उहाँको मंशिर १ गते कोभिड-१९ पुष्टि भएको थियो। (उहाँलाई चिनी र उच्च रक्त चाप रोग़को समेत समस्या थियो।)

- काभ्रेपलान्चोककी ८० वर्षिया महिला कोभिड र निमोनियाको कारणले मंशिर ८ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा मंशिर ९ गते निधन भएको छ । उहाँको मंशिर ६ गते कोभिड-१९ पुष्टि भएको थियो। (उहाँलाई उच्च रक्त चाप रोग़को समेत समस्या थियो।)

- काठमाडौंका ७१ वर्षिय पुरुष कोभिड र निमोनियाको कारणले मंशिर ८ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा मंशिर १० गते निधन भएको छ । उहाँको मंशिर ७ गते कोभिड-१९ पुष्टि भएको थियो। (उहाँलाई उच्च रक्त चाप र चिनी रोग़को समेत समस्या थियो।)

- उहाँहरुको दुखद् निधनमा सामाजिक विकास मन्त्रालय हार्दिक समवेदना प्रकट गर्दछ।

## ❖ जिल्लागत क्वारेन्टाइन, आइसोलेसन, पी.सि.आर.(PCR) परिक्षण सम्बन्धी विवरण:

- हालसम्म बागमती प्रदेशमा ७४७७ वटा क्वारेन्टाईन बेड व्यवस्थापन गरिएकोमा हाल २४२ जना बसिरहनुभएको छ भने ७०३ जना होम क्वारेन्टाईनमा हुनुहुन्छ । यस प्रदेशमा ४७४९ वटा आइसोलेशन बेड तयारी अवस्थामा रहेको छ जसमा अहिले ३३४६ जना (केहि जिल्लामा होम आइसोलेसनमा भएकाको समेत विवरण उल्लेख गरिएको) संस्थागत आइसोलेसनमा र ७५२४ जना होम आइसोलेसनमा बसिरहनुभएको छ । आजको मितिसम्मको विवरण अनुसार यस प्रदेशमा १९३३३७ जनाको पिसिआर परिक्षण गरिएको छ ।
- जिल्लाबाट संकलन गरिएका स्वाबको रिपोर्टिंग तलको तालिकामा समावेश भएको तर स्थानीय र केन्द्रीय तहबाट संकलन भएका केहि स्वाबको रिपोर्टिंग हालसम्म पनि जिल्लाको रिपोर्टिंगमा समावेश गर्न नसकिएकोले स्वाबको संख्या कम देखिएको छ ।

| जिल्ला | क्वारेन्टाईन | | होम क्वारेन्टाइनमा रहेका | आइसोलेसन | | RT-PCR परिक्षण सम्बन्धी विवरण | | | कै |
|---|---|---|---|---|---|---|---|---|---|
| | बेड | बसेका | | बेड | संस्थागत आइसोलेसनमा बसेका | जम्मा संकलित स्वाब संख्या# | पोजेटिभ | आजको नयाँ संक्रमण | |
| काठमाण्डौ | १०५० | ११३ | २६७ | २६६६ | २१७४ | ८४२६८ | ८५१४७ | ६३५ | |
| ललितपुर | ३७१ | ३१ | ८० | २८९ | २०८ | ११२३४ | १२७३९ | ११३ | |
| भक्तपुर | १०५ | ६ | १६५ | ३३१ | ७५ | ११५२५ | ७६५१ | ८७ | |
| रसुवा | २५५ | ० | ० | ३५ | ० | १५६८ | १३८ | १ | |
| नुवाकोट | ५४९ | ० | ० | ४५ | ५ | ७४८७ | ११५९ | ५ | |
| धादिङ | ३१५ | ० | १८ | १६० | ४ | ५८८१ | १४५५ | ३ | |
| चितवन | २४६५ | ० | ० | ३५५ | ७५९* | ३२१०७ | ६५०० | ८२ | |
| सिन्धुली | ३१३ | ० | ० | ५२ | ० | ४०२५ | ४८४ | ४ | |
| मकवानपुर | २० | ० | ० | २९० | १० | १६९८५ | ३९२९ | ३७ | |
| रामेछाप | ४९० | ६५ | ४९ | १०८ | १२ | १४७९ | ४५८ | ३ | |
| दोलखा | १९३ | ३ | ० | ४४ | ३९ | २९६० | ५८४ | ४ | |
| काभ्रेपलान्चोक | ५९७ | २४ | २३ | २४३ | ५१ | ७४७३ | २९०९ | ३१ | |
| सिन्धुपाल्चोक | ७५४ | ० | १०१ | १३१ | ९ | ६३४५ | ८३० | ८ | |
| जम्मा | ७४७७ | २४२ | ७०३ | ४७४९ | ३३४६ | १९३३३७ | १२३९८५ | १०१३ | |

श्रोतः पोजिटिभ केसको विवरण स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिडिया ब्रिफिंगबाट दैनिक प्राप्त जानकारी अनुसार र अन्य विवरण सम्बन्धित जिल्लाबाट प्राप्त आजको अन्तिम अभिलेख, *होम आइसोलेसनमा रहेका संक्रमितको विवरण समेत जोडिएको, #केहि जिल्लाहरुको अध्यावधि गर्न बाँकी रहेको

## ❖ मुख्य-मुख्य क्रियाकलापहरुः

- **संक्रमितको खोजी र फलो-अप कार्यः**

सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालय, स्थानीय महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाउँपालिका, स्थानीय स्वास्थ्य संस्था एवम् अस्पतालहरु मार्फत सम्पर्कमा आएका व्यक्तिको खोजी, सम्पर्कितहरुको फलो-अप र

अन्य व्यवस्थापन (काठमाण्डौ, भक्तपुर र ललितपुरको हकमा इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको समेत समन्वयमा) कार्य भईरहेको छ ।

❖ प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा भएको पि. सि. आर. परीक्षणको विवरण

प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा हिजोसम्म प्राप्त भएको पी. सी. आर परिक्षणको विवरण यस प्रकारको रहेको छः

| प्रयोगशाला | हालसम्म प्राप्त स्वाबको संख्या | आज प्राप्त स्वाब संख्या | आज परिक्षण भएको स्वाबको संख्या | आज परिक्षण भएको स्वाबको नतिजा | | कै |
|---|---|---|---|---|---|---|
| | | | | पोजिटिभ | नेगेटिभ | |
| VBDRTC, काभ्रे- धुलिखेल प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | १४९४३ | ६० | ४५ | काभ्रे - ५<br>सिन्धुपाल्चोक - १ | ३९ | |
| VBDRTC, हेटौडा प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | ३२८१३ | ३७ | ३७ | मकवानपुर- १२ | २५ | |

❖ कोभिड-१९ सम्बन्धि थप जानकारी र मार्गदर्शनको लागि निम्न उल्लेखित वेबपेज हेर्न हार्दिक अनुरोध छः

-सामाजिक विकास मन्त्रालय, बागमती प्रदेशः http://mosd.p3.gov.np/

-स्वास्थ्य तथा जनसंख्या मन्त्रालय : https://covid19.mohp.gov.np/#/

-नेपाल सरकार गृह मन्त्रालय : https://covid19.ndrrma.gov.np/

-कोभिड१९ संकट ब्यबस्थापन केन्द्रः ccmc.gov.np

-इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाः http://www.edcd.gov.np/news/covid-19-situation-updates

-विश्व स्वास्थ्य संगठन / नेपालः https://www.who.int/nepal

अन्त्यमा सदाझै यहाँहरूको अमूल्य सुझाव र सहयोगको अपेक्षा गर्दछौं ।
धन्यवाद !

प्रवक्ता
डा. पुरुषोत्तम राज सेढाई